उदयपुरगढी गाउँपालिका

# उदयपुरगढी राजपत्र

खण्ड : ९ संख्या : २ मिति : २०८२/०५/०२

**भाग – २**

**उदयपुरगढी गाउँपालिका**

## उदयपुरगढी गाउँपालिकाको विपद् व्यवस्थापन कोष तथा आर्थिक सहायता वितरण कार्यविधि, २०८२

संविधाको धारा २२६ तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२)" ले दिएको अधिकार प्रयोग गरी उदयपुरगढी गाउँपालिकाको विपद् व्यवस्थापन कोष तथा आर्थिक सहायता वितरण कार्यविधि २०८२ जारी गरिएको छ।

आज्ञाले,
भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# उदयपुरगढी गाउँपालिकाको विपद् व्यवस्थापन कोष तथा आर्थिक सहायता वितरण कार्यविधि २०८२

प्रकाशित मिति २०८२/०५/०२

**प्रस्तावना:** स्थानीय नागरिकको जनजीवनमा आई पर्ने विभिन्न खाले विपत्तिको समयमा नजीकको सरकारको हैसियतले तत्काल संकटमा कमी ल्याउन तथा सरकारको उपस्थितिको अनुभूति गराउन तथा विपतमा परेको नागरिकलाई तत्काल राहत पाएको अनुभूति गराउनको लागि गाउँपालिकाको गाउँ सभाले पारित गरेको विपद व्यवस्थापन तथा आर्थिक सहायता शिर्षकको वजेट परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधाको धारा २२६ तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२)" बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **"उदयपुरगढी गाउँपालिकाको विपद् व्यवस्थापन कोष तथा आर्थिक सहायता वितरण कार्यविधि २०८२"** रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) कार्यालय भन्नाले उदयपुरगढी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ख) कार्यपालिका भन्नाले उदयपुरगढी गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्दछ ।

ग) वडा भन्नाले उदयपुरगढी गाउँपालिकाको विपदमा परेको नागरिकको स्थायी बसोबास भएको सम्बन्धित वडा सम्झनु पर्दछ ।

घ) अध्यक्ष भन्नाले उदयपुरगढी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ङ) उपाध्यक्ष भन्नाले उदयपुरगढी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

च) कार्यवाहक अध्यक्ष भन्नाले अध्यक्ष कार्यालयमा अनुपस्थित भएको समयमा अध्यक्षले आफ्नो कामकाज गर्न लिखित रुपमा अख्तियारी दिएको तत्काल गाउँसभामा बहाल रहेको निर्वाचित पदाधिकारीलाई सम्झनु पर्दछ ।

छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले उदयपुरगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ज) वडा अध्यक्ष भन्नाले उदयपुरगढी गाउँपालिकाको वडाहरु मध्ये विपदमा परेको नागरिकको स्थायी ठेगाना भएको वडाको वडा अध्यक्ष सम्झनु पर्दछ ।

## परिच्छेद- २

## विपदमा परेको मानिने

३. विपदमा परेको मानिने अवस्था : (१) गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्ने मानिसहरु तपसिलका अवस्थामा भएको अवस्थालाई विपद्मा परेको मानिनेछ । अन्य व्यक्तिको हकमा विशेष कारणवश सहयोग गर्नु परेमा गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

तपसिल:

क) भीरबाट लडी वा अन्य कारणले सख्त घाइते भएका जेष्ठ वा नाबालक वा गर्भवती वा अपांगता भएका नागरिक

ख) भीरबाट लडी वा अन्य कारणले घाइते भएको अन्य नागरिक

ग) आफु बस्ने घरमा आगलागी भई वा अन्य कारणले पुर्ण रुपमा क्षती भएका परिवार

घ) आफु बस्ने घरमा आगलागी भई वा अन्य कारणले आंशिक क्षती भएका परिवार

ङ) घर बाहेकका प्रयोग भईरहेको गोठ वा मतानमा कुनै पनि कारणले पुर्ण क्षति भएको परिवार

च) नाक, कान, आँखा लगायतका सम्वेदनशील अंगमा कुनै पनि कारणले चोटपटक लागेको वा घाउ भई जटिल अवस्थाको नागरिक

छ) मृगौला रोगी वा डायलासिस गर्नु पर्ने विरामी, क्यान्सर पीडित र मेरुदण्डमा पक्षघाट भएको विरामी बाहेकका अन्य रोगबाट ग्रसित आर्थिक रुपले विपन्न नागरिक

## परिच्छेद-३

## विपदमा परेकाहरुलाई सहायता

४. सहायता वितरण सीमा : (क) दफा ३ बमोजिम विपदमा परेका नागरिकलाई तपसिलमा व्यवस्था भए बमोजिम राहत तथा सहायता उपलब्ध गराईनेछ ।

तपसिल:

| विपदको किसिम | उपलब्ध हुने राहत तथा सहायता |
|---|---|
| क) भीरबाट लडी वा अन्य कारणले सख्त घाइते भएका जेष्ठ वा नाबालक वा गर्भवती वा अपांगता भएका नागरिक | १. रु.१० हजार<br>२. निशुल्क एम्बुलेन्स |



गज बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | |
|---|---|
| ख) भीरबाट लडी वा अन्य कारणले घाइते भएको अन्य नागरिक | १. रु. १० हजार |
| ग) आफु बस्ने घरमा आगलागी भई वा अन्य कारणले पुर्ण रुपमा क्षती भएका परिवार | १. रु. २५ हजार<br>२. त्रिपाल थान १ (१५x१८)<br>३. भड्डु भाँडा थान १<br>४. कराई थान १<br>५. थाल प्रति सदस्य थान १<br>६. बाल्टिन प्लाष्टिक थान १<br>७. बाटा प्लाष्टिक थान १<br>८. ब्ल्याङ्केट प्रति २ जना सदस्यको लागि थान १<br>९. पी फर्म प्रति २ जना सदस्यको लागि २ मीटर थान १<br>१०. चामल २५ के.जी.<br>११. दाल ५ के.जी.<br>१२. नुन २ के.जी.<br>१३. खाने तेल २ लिटर<br>१४. चिउरा १० के.जी. |
| घ) आफु बस्ने घरमा आगलागी भई वा अन्य कारणले आंशिक क्षती भएका परिवार | १. रु. २५ हजार<br>२. त्रिपाल थान १ (१५,१८)<br><br>क्षतीको आधारमा मात्र<br><br>१. ब्लयाङ्केट प्रति २ जना सदस्यको लागि थान १<br>२. चामल २५ के.जी.<br>३. दाल ५ के.जी.<br>४. नुन २ के.जी.<br>५. खाने तेल २ लिटर<br>६. चिउरा १० के.जी. |



भरत बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| ङ) घर बाहेकका गोठ वा मतानमा कुनै पनि कारणले पुर्ण क्षति भएको परिवार | १. त्रिपाल थान १ |
| च) नाक, कान, आँखा लगायतका सम्वेदनशील अंगमा कुनै पनि कारणले चोटपटक लागेको वा घाउ भई जटिल अवस्थाको आर्थिक रुपले विपन्न नागरिक | १. अध्यक्षको तोक आदेश बमोजिम बढिमा रु. १५ हजार |
| छ) मृगौला रोगी वा डायलासिस गर्नु पर्ने विरामी, क्यान्सर पीडित र मेरुदण्डमा पक्षघाट भएको विरामी बाहेकका अन्य रोगबाट ग्रसित आर्थिक रुपले विपन्न नागरिक | १. अध्यक्षको तोक आदेश बमोजिम बढिमा रु २५ हजार |

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, नेपाल सरकार/ प्रदेश सरकार वा स्थानीय तहको कोषबाट तलव भत्ता पाउने कर्मचारी परिवार भएको व्यक्तिले उल्लेखित राहत पाउने छैन ।

## परिच्छेद-४

## राहत तथा सहायता प्राप्त गर्न पेश गर्नु पर्ने कागजातहरु

५. कागजात : दफा २ मा व्यवस्था भए बमोजिमका विपदमा परेका नागरिकले दफा ३ बमोजिमको राहत तथा सहायता प्राप्त गर्न तपसिलमा उल्लेख भए बमोजिमको कागजात पेश गर्नु पर्नेछ ।

| विपदको किसिम | पेश गर्नु पर्ने कागजातहरु |
|---|---|
| क) भीरबाट लडी सख्त घाइते भएका जेष्ठ वा नाबालक वा गर्भवती वा अपांगता भएका नागरिक | १. पिरचय खुल्ने कागजात<br>२. वडा कार्यालयको सिफारसि<br>३. व्यहोरा खुल्ने कागजातको प्रतिलिपी<br>४. निवेदन |
| ख) भीरबाट लडी घाइते भएको अन्य नागरिक | १. परिचय खुल्ने कागजात<br>२. वडा कार्यालयको सिफारिस<br>३. निवेदन |
| ग) आफु बस्ते घरमा आगलागी भई वा अन्य कारणले पुर्ण रुपमा क्षती भएका परिवार | १. परिचय खुल्ने कागजात<br>२. वडा कार्यालयको सिफारिस |

| | |
|---|---|
| | ३. प्रहरी मुचुल्का<br>४. घटना स्थलको प्रकृति सपष्ट खुल्ने फोटो<br>५. निवेदन |
| घ) आफु बस्ने घरमा आगलागी भई वा अन्य कारणले आंशिक क्षती भएका परिवार | १. परिचय खुल्ने कागजात<br>२. वडा कार्यालयको सिफारिस<br>३. प्रहरी मुचुल्का<br>४. घटना स्थलको प्रकृति सपष्ट खुल्ने फोटो<br>५. निवेदन |
| ङ) घर बाहेकका गोठ वा मतानमा कुनै पनि कारणले पुर्ण क्षति भएको परिवार | १. परिचय खुल्ने कागजात<br>२. वडा कार्यालयको सिफारिस<br>३. घटना स्थलको प्रकृति सपष्ट खुल्ने फोटो<br>४. निवेदन |
| च) नाक, कान, आँखा लगायतका सम्वेदनशील अंगमा कुनै पनि कारणले चोटपटक लागेको वा घाउ भई जटिल अवस्थाको आर्थिक रुपले विपन्न नागरिक | १. परिचय खुल्ने कागजात<br>२. वडा कार्यालयको सिफारिस<br>३. सम्बन्धित अंगको फोटो<br>४. निवेदन |
| छ) मृगौला रोगी वा डायलासिस गर्नु पर्ने विरामी, क्यान्सर पीडित र मेरुदण्डमा पक्षघाट भएको विरामी बाहेकका अन्य रोगबाट ग्रसित आर्थिक रुपले विपन्न नागरिक | १. परिचय खुल्ने कागजात<br>२. वडा कार्यालयको सिफारिस<br>३. अस्पतालमा भर्ना गरेको वा उपचार गराईरहेको प्रमाण देखिने निस्सा<br>४. निवेदन |

## परिच्छेद-५
## राहत दिने प्रक्रिया

६. उपदफा ३ बमोजिमको सहायता तथा राहत वितरण गर्न देहायको प्रक्रिया अवलम्बन गरिनेछ ।

तपसिल:

क) आवश्यक कागजातको साथमा विपदमा परेको व्यक्ति स्वयंले वा नीजको एकाघरको परिवारको सदस्यले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने ।

ख) उपदफा (क) बमोजिमको निवेदनमा गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई तोक आदेश गर्ने ।

ग) अध्यक्ष अनुपस्थित भएको अवस्थामा नीजले लिखित रुपमा तोकेको कार्यवाहक अध्यक्षले उपदफा (ख) को कार्य गर्ने ।

घ) प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने।

ङ) प्रमुख प्रशासकीय अधिकृतको तोक आदेश बमोजिम सामग्री स्टोर शाखाले उपलब्ध गराउने ।

च) आर्थिक सहयोग कार्यालयले जिम्मा दिई पेश्की लिएको कर्मचारीले उपलब्ध गराउने ।

छ) आवश्यक कागजातको पुर्णताको चेक जाँच गर्ने दायित्व सम्बन्धित सबै तहको हुनेछ।

७. दफा ६ मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद्को संवेदनशीलतालाई हेरी उपलब्ध सामग्री पिडित परिवारलाई तत्काल प्रदान गर्न वाधा पर्नेछैन ।

८. दफा ७ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यालयको विपद् फोकल पर्सनले दफा ५ बमोजिमको कागजात चुस्त राख्नु पर्नेछ ।

## परिच्छेद –६

## विविध

९. कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने: (१) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

आज्ञाले

भक्त बहादुर राई

प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

मिति:..........................

श्री अध्यक्ष ज्यू,

उदयपुरगढी गाउँ कार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर

विषय: विपद सहायता पाउँ ।

महोदय,

प्रस्तुत विषयमा म यस उदयपुरगढी गाउँपालिकाको वडा नं ......... निवासी श्री ......................................... मिति ......................................... मा घटेको ......................................... घटनाबाट पीडित भई विपदमा परेको हुँदा र मेरो परिवारमा ............ जना सदस्य रहेकोले मलाई यस गाउँपालिकाको आर्थिक सहायता वितरण कार्यविधि २०८२ मा व्यवस्था भए बमोजिमको राहत सामग्री तथा आर्थिक सहायता उपलब्ध गराईदिनु हुन सादर अनुरोध छ ।

निवेदनको साथ पेश गरेको कागजातहरु:

१. ...................................................................

२. ...................................................................

३. ...................................................................

४. ...................................................................

५. ...................................................................

निवेदक:

नाम:

ठेगाना:

हस्ताक्षर:

अक बहादुर राई

प्रमुख प्रशासकीय अधिकृत